# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जोहाङ्ग, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०८०/०८१

च. नं.: ४६४

मिति:२०८०/०८/२८

विषयः राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा विद्यार्थीहरुलाई अनिवार्य सहभागी गराउने सम्बन्धमा।

श्री सामुदायिक तथा संस्थागत विद्यालय (मा.वि./नि.मा.वि.)
सत्यवती गाउँपालिका, गुल्मी ।

प्रस्तुत विषयमा सत्यवती गाउँ कार्यपालिकाको मिति २०८०/०८/२६ गतेको निर्णयानुसार तपसिलको मिति, स्थान, समय र खेलकुदहरुमा चालु शैक्षिक सत्रमा नियमित रुपमा अध्ययनरत छात्र/छात्राहरु बीच आ-आफ्नो समूहमा सत्यवती गाउँपालिकाभित्र **अन्तरविद्यालय स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता** सञ्चालन गरिने भएकोले उक्त प्रतियोगितामा त्यस विद्यालयबाट विद्यार्थीहरु अनिवार्य रुपमा सहभागी गराउनुहुन अनुरोध छ ।

तपसिलः

प्रतियोगिता सञ्चालन हुने मितिः २०८० पौष ९, १० र ११ गते ।

समयः ९ गते विहान १०:३० बजेदेखि र १० र ११ गते विहान ७:३० बजेदेखि।

स्थानः सत्यवती खेलकुद मैदान (सत्यवती-६, खल्लुका रुख)

| क.सं | खेलकुद क्रियाकलापहरु | सहभागी गराउन सकिने संख्या | | | प्राप्त हुने प्राप्ताङ्क | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा | प्रथम | द्वितीय | तृतीय | |
| १ | भलिबल | ९ | ९ | १८ | ७/७ | ५/५ | ३/३ | T.T. System |
| २ | कबड्डी | ९ | ९ | १८ | ७/७ | ५/५ | ३/३ | |
| ३ | हाईजम्प | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ४ | लङ्गजम्प | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ५ | ट्रिपल जम्म | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ६ | सटपुट | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ७ | ज्याभलिङ्ग थ्रो | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ८ | दौड १०० मिटर | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ९ | दौड २०० मिटर | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| १० | दौड ४०० मिटर | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| ११ | दौड ८०० मिटर | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| १२ | दौड १५०० मिटर | १ | १ | २ | ३/३ | २/२ | १/१ | |
| १३ | दौड रिले ४*१०० मिटर | ४ | ४ | ८ | ४/४ | ३/३ | २/२ | |

२०८०।८।२८

प्रमुख प्रशासकीय अधिकृत

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo

# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०८०/०८१
च. नं.:
मितिः


**पुनश्चः** सहभागी हुने विद्यालयले खेलकुदको विवरण र राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (चौथो संशोधन २०७९/०३/०५ सहित) को अनुसूची-१ मा उल्लेखित फाराम खेलाडी विद्यार्थीबाट भराई निजको फोटोमा समेत प्रधानाध्यापकले प्रमाणित गरी अनिवार्य रुपमा सहभागी परिचय पत्र सहित विद्यालयको लेटरप्याडमा सहभागी विद्यार्थीहरुको नाम, थर, जन्ममिति, उमेर, कक्षा र रोल नं. सहितको विवरण नामावली पुष ६ गते अपरान्ह ३:०० बजेसम्म शिक्षा, युवा तथा खेलकुद शाखामा उपलब्ध गराउनु पर्नेछ । खेलकुदमा भाग लिन आउँदा अनिवार्य रुपमा एक जना शिक्षकको साथमा विद्यार्थीहरुलाई ल्याउने र सुरक्षितसाथ राख्ने साथै अनुशासनका साथमा भाग लिन लगाउने गर्नु पर्नेछ । प्रत्येक खेलाडीले बढीमा एक फिल्ड दुई ट्र्याक वा दुई फिल्ड एक ट्र्याकमा भाग लिन पाउने छ । हरेक खेलहरु राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० (चौथो संशोधन २०७९/०३/०५ सहित) मा भएको प्रावधान अनुसार नै सञ्चालन गरिने र खेल सञ्चालनको क्रममा विवाद र द्विविधा उत्पन्न भएमा आयोजकको निर्णय नै अन्तिम हुनेछ ।

२०८०।८।२८

कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-१

(दफा ९ को उपदफा (१) र (६), दफा १२ को उपदफा (१), दफा १४ को उपदफा (१) सँग सम्बन्धित)

**सहभागी हुन भर्नुपर्ने फारामको ढाँचा**

**प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फारामको नमूना**

१. सहभागी विद्यार्थीको नामः

२. विद्यालयको नाम/ठेगानः

३. अध्ययनरत कक्षाः

४. जन्म मितिः

५. सहभागी हुने खेलः

६. सहभागी हुने विद्यार्थीको हस्ताक्षरः

उल्लेखित व्यहोरा ठिक साँचो हो भनि प्रमाणित गर्ने,

| विद्यालयबाट छनोट भएमा | स्थानीय तहबाट छनोट भएमा | जिल्लाबाट छनोट भएमा | प्रदेशबाट छनोट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक वा सदस्य सचिव | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नामः | नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः | मितिः |
| मो./फोन नं. | मो./फोन नं. | मो./फोन नं. | मो./फोन नं. |
| विद्यालयको छापः | विद्यालयको छापः | विद्यालयको छापः | विद्यालयको छापः |

खेलाडीको जन्म दर्ताको प्रमाणपत्र अनिवार्य रुपमा संलग्न गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत